# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

**मितिः २४ अगस्त २०२५**

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदी भोलिदेखि दुई दिने गुजरातको भ्रमणमा रहनुहुनेछ।
- दार्जीलिङ पुलबजार खण्ड अन्तर्गत मजुवा ग्राम पञ्चायतको विभिन्न बुथहरूमा हाम्रो गाउँ हाम्रो समाधान कार्यक्रम सम्पन्न भएको छ।
- बङ्गाल सरकारले चिया श्रमिकहरूको लागि २० प्रतिशत पूजा बोनस सम्बन्धी एडभाइजरी जारी गरेकोमा गोरामुमोको ट्रेड युनियन - हिमालयन प्लान्टेशन वर्कर्स युनियन (एचपीडब्ल्युयु)-ले राज्य सरकारलाई आभार व्यक्त गरेको छ।
- सीमा सुरक्षा बल (BSF) पश्चिम बंगालको उत्तर २४ परगना जिल्लामा एक बंगलादेशी पुलिस अधिकारीलाई भारतीय सीमामा घुसपैठ गर्ने प्रयासमा पक्राउ गरेको छ।
- उत्तर-पश्चिम बंगोपसागरमा निम्न दबाव क्षेत्र बन्नको कारण आगामी मंगलवारसम्म राज्यभरी घना वर्षा हुने अनुमान लगाइएको छ।

**प्रधानमंत्री गुजरात भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदी भोलिदेखि दुई दिने गुजरातको भ्रमणमा रहनुहुनेछ। उहाँले भोलि अहमदाबादमा पांच हजार चार सय करोड़ रुपियाँका विकास परियोजनाहरूको उद्धाटन गर्नुहुनेछ। श्री मोदीले एक जनसभालाई पनि सम्बोधन गर्नु हुनेछ। आफ्नो भ्रमणको दोस्रो दिन, प्रधानमन्त्रीले अहमदाबादको हंसलपुरमा हाइब्रिड बैटरी इलेक्ट्रोड उत्पादनको उद्धाटन गर्नुहुनेछ। उहाँले १०० देशहरूमा निर्यात गरिने ब्याट्रीबाट चल्ने इलेक्ट्रोनिक वाहनको खेपलाई पनि हरियो झन्डा देखाएर प्रस्थान गराउनु हुनेछ। आफ्नो भ्रमणको क्रममा प्रधानमन्त्रीले १ हजार ४०० करोड रुपियाँ भन्दा अधिक मूल्यका धेरै रेलवे परियोजनाहरू राष्ट्रलाई समर्पित गर्नुहुनेछ।

**दैलोमा सरकार शिविर**

पश्चिम बङ्गाल सरकारद्वारा शुरू गरिएको नयाँ योजना हाम्रो गाउँ हाम्रो समाधान, मजुवा वार्ड वासीहरूको निम्ति विकासको मूल समस्या समाधान हुने ठहर गरिएको छ। दार्जीलिङ पुलबजार खण्ड अन्तर्गत मजुवा ग्राम पञ्चायतको विभिन्न बुथहरूको समस्यालाई लिएर प्रेषित गरिएको हाम्रो गाउँ हाम्रो समाधान योजनामा गाडीको सडक मर्मतएस्ट्रिट लाइट र अन्य बुनियादी समस्याहरूलाई राखिएको छ। विभिन्न रंगारंग कार्यक्रम सहित सम्पन्न आज बसेको दैलो सरकार शिविरमा कृषि विभाग, माछा विभाग, लक्ष्मी भण्डार, खाद्य विभाग, भूमि औ भूमि सुधार, स्वस्थ्य विभाग, भेट्नेरी लगायत अन्य धेरैले आआफ्नो समस्या समाधान गरे। आजको शिविर सफल बनाउन एसएचजी, आईसीडीएस, आशा कर्मचारी, ग्राम पञ्चायत कर्मचारी वर्ग, वार्ड सदस्य सदस्याहरूको अहम भूमिका रहेको बताइएको छ।

**गोरामुमो चिया बोनस**

पश्चिम बङ्गाल सरकारले चिया श्रमिकहरूको लागि २० प्रतिशत पूजा बोनस सम्बन्धी एडभाइजरी जारी गरेपछि गोर्खा राष्ट्रिय मुक्ति मोर्चाको ट्रेड युनियन- हिमालयन प्लान्टेशन वर्कर्स युनियन (एचपीडब्ल्यु) केन्द्रीय समितिले राज्य सरकारलाई आभार व्यक्त गरेको छ। युनियनका अध्यक्ष बी.के. राईले एक वक्तव्य जारी गर्दै भानु भयो, यदि सरकारको इच्छा शक्ति भएमा सबै कुरा सम्भव हुन्छ। चिया श्रमिकहरूको निम्ति २०% पूजा बोनसको एडभाइजरी जारी गरेकोमा हामी पश्चिम बङ्गाल

सरकारप्रति आभारी छौं। उहाँले साथै श्रमिकहरूको अन्य समस्या र मागहरू पनि सरकारले शीघ्र समाधान गर्नुपर्नेमा जोड दिनु भयो।

**चियाबगान गेट मिटिङ**

खरसाङ शहर क्षेत्रअन्तर्गत पर्ने क्यासलटन स्प्रिङ साइड चियाबगान र मन्टेभियोट चियाबगान, जुन गुडरिक कम्पनीद्वारा सञ्चालित छन्ए तिनका श्रमिक संगठनहरूले गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापालाई गेट मिटिङमार्फत हार्दिक धन्यवाद व्यक्त गरेका छन्। श्रमिक संगठन पक्षले थापाको कुशल नेतृत्वमा श्रमिक वर्गले न्याय पाएको भन्दै आभार व्यक्त गर्दै भविष्यमा पनि निरन्तर साथ र समर्थन गर्ने प्रतिबद्धता जनाएका छन्।

**सहकारी स्थायी कर्मचारी संगठन**

पश्चिम बंगाल सहकारी स्थायी कर्मचारी संगठन, जिल्ला कालेबुङ र दार्जिलिङको तत्वावधानमा आज क्राउन लज, कालेबुङको प्रेक्षागृहमा नन्दलाल छेत्रीको अध्यक्षतामा एक महत्वपूर्ण सभा सम्पन्न भयो। उक्त सभामा आउँदो दार्जिलिङ डिस्टिक सेन्ट्रल को–अपरेटिभ बैंक (D.D.C.C.B) को बोर्ड अफ डाइरेक्टर्सको निर्वाचन सम्बन्धी विषयमा छलफल गर्दै महत्त्वपूर्ण सुझाव तथा विचारहरू प्रस्तुत गरियो। सभा मार्फत दार्जिलिङ र कालेबुङ जिल्लाका विभिन्न सहकारी संस्थाबाट नामांकन भरेका १४ जना उम्मेदवारलाई समर्थन तथा शुभेच्छा प्रदान गरियो। साथै योग्य उम्मेदवारलाई विजयी गराई डी डी सी सी बी कार्यकारिणी समितिमा पठाउने निर्णय पनि गरियो। समितिमा निर्वाचित उम्मेदवारहरूले भविष्यमा पी ए सि एस (PACS) अन्तर्गत कार्यरत कर्मचारी वर्गको सम्मान, पारिश्रमिक वृद्धि, सुविधा विस्तार तथा तल्लो तहसम्म पुगेका सहकारी संस्थाहरूको पुनः उत्थानमा प्राथमिकता दिने विश्वास संगठनले व्यक्त गरेको छ।

**मिरिक**

गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन सूचना एवं सांस्कृतिक विभाग मिरिक एवं ३३ औं नेपाली भाषा मान्यता दिवस समारोह समितिको संयुक्त तत्वाधानमा आज नेपाली भाषा दिवस एवं भाषा सेवा सम्मान समारोह भब्यरुपमा मिरिक बहुउद्देश्यीय रंगशाला भवनमा सम्पन्न भयो जसमा डा. प्रतापचन्द्र प्रधान मुख्य अतिथिको रुपमा रहेका थिए। कार्यक्रममा मिरिक महकुमाका विभिन्न बिद्यालयहरुलाई लिएर अन्तर बिद्यालय कविता वाचन कार्यक्रम सम्पन्न भयो।

*Byte*

**बंगलादेशी पुलिस पक्राउ**

सीमा सुरक्षा बलले हिजो पश्चिम बंगालको उत्तर २४ परगना जिल्लामा एक बंगलादेशी पुलिस अधिकारीलाई भारतीय सीमामा घुसपैठ गर्ने प्रयास गरिरहेको बेला पक्राउ गरेको छ। बीएसएफ अधिकारीहरू अनुसारए घुसपैठीलाई साँझ ६ देखि ७ बजीको बीचमा हाकिमपुर सीमा नजिकैबाट पक्राउ गरेको थियो। सीमा सुरक्षा बलले बंगलादेशी घुसपैठीलाई पश्चिम बंगाल पुलिसलाई सुम्पेको छ। प्रारम्भिक अनुसन्धानमा उक्त घुसपैठीले भारतीय सीमामा अवैध रूपमा प्रवेश गर्ने प्रयास गरिरहेको खुलासा भएको छ। यद्यपिए घुसपैठको उद्देश्य र अन्य विवरणहरू अझै खुलाइएको छैन। पश्चिम बंगाल पुलिसले यस विषयमा अनुसन्धान सुरु गरेको छ र BSF सँगको सहकार्यमा यो सुनियोजित षड्यन्त्र हो कि होइन भनेर पत्ता लगाउने प्रयास गरिरहेको छ।

**राजु बिष्ट- बीएसएफ**

दार्जीलिङका लोकसभा सांसद राजु बिष्टसित आज कदमतलास्थित उत्तर बंगाल फ्रन्टियर मुख्यालयका आईजी बीएसएफ र अन्य वरिष्ठ अधिकारीहरूले सिलिगुडीमा शिष्टाचार भेटघाट गर्नुभयो। सांसद श्री बिष्टले यस भेटमा क्षेत्रको मुद्दा र सुरक्षा सरोकारहरूबारे चर्चा गर्नुभयो। सीमा सुरक्षा बल (बीएसएफ) ले रणनीतिक रूपमा संवेदनशील चिकन नेक करिडोर क्षेत्र

सुरक्षित गर्न महत्त्वपूर्ण भूमिका खेल्छ। तिनीहरू भारत-बंगलादेश सीमामा तैनाथ छन्ए जुन लगभग ४,१०० किलोमिटर फैलिएको छ जसमा पश्चिम बंगालमा २२०० किलोमिटर भन्दा अधिक सामेल छन्। श्री बिष्टले दार्जिलिङ पहाड, तराई र डुवर्स क्षेत्रका मानिसहरूको तर्फबाट राष्ट्रप्रति उनीहरूको समर्पित र अथक सेवाको प्रशंसा गर्नुभएको छ।

## पश्चिम बंगालमा निम्न दबावको प्रभाव

पश्चिम बंगाल र ओडिशाको सीमा संलग्न उत्तर-पश्चिम बंगोपसागरमा निम्न दबाव क्षेत्र बन्ने सम्भावना व्यक्त गरिएको छ। भोलि सोमवारसम्ममा यो निम्नचापमा परिवर्तन हुने सम्भावना छ। मनसुनी अक्षरेखा अधिबाट नै बंगालको खाड़ीदेखि पश्चिम बंगालसम्म फैलिएको छ जसकारण आगामी मंगलवारसम्म राज्यमा घना वर्षा हुने अनुमान लगाइएको छ। मौसम विभाग अनुसार दक्षिण बंगालमा भारीभन्दा भारी वर्षा हुने चेताउनी जारी गरिएको छ जसमा प्रभावित हुने जिल्लाहरू क्रमैले बाँकुड़ा, पुरुलिया, पूर्व एवं पश्चिम मेदिनीपुर, झाड़ग्राम, बीरभूम पश्चिम मुर्शिदाबाद, नदिया, उत्तर एवं दक्षिण २४ परगना पनि सामेल छन्। उत्तर बंगालमा जलपाईगुड़ी, अलिपुरद्वार, दार्जीलिङ एवं कालेबुङ जिल्लामा पनि घना वर्षा हुने सम्भावना छ। आउदो शुक्रवार पहाड़ी क्षेत्रमा वज्रपातसितै वर्षा अनि ३०-४० किलोमीटर प्रतिघण्टाको गतिले तीव्र हावा चल्ने आशंका व्यक्त गरिएको छ। निम्न दबावको प्रभावबाट हावाको गति ५५ किलोमीटर प्रतिघण्टासम्म हुनसक्छ।

## दार्जिलिङ प्लगिङ

दार्जिलिङ नागरिकद्वारा सञ्चालित मेरो दार्जिलिङ अभियान अन्तर्गत आज वार्ड नम्बर १५ र २० मा प्लगिङ अर्थात् दगुर्दै अथवा हिँडदै फोहोर उठाउने अभ्यास सुरु गरियो।

****** ० ******